गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७८ साल असार ३० गते बुधबार
2021 July 14 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **हाइटीका राष्ट्रपति जोभेनेल मोइजको हत्या कहिले भयो ?**
✍ सन् २०२१ जुलाई ७ ।
- पोर्ट–एयु प्रिन्सस्थित राष्ट्रपतिनिवासमा हतियारधारी समूहले आक्रमण गरी हत्या गरेको ।
- सन् २०१७ को फेब्रुअरीदेखि सत्तामा आउनुभएका ५३ वर्षीय जोभेनेलले सन् २०१८ मा हुने व्यवस्थापिकाको चुनावमा ढिलाइ भएपछि राष्ट्रपतिको विशेषाधिकार प्रयोग गरी हाइटीमा शासन गर्दै आउनुभएको थियो ।

२. **२०७८ असारसम्म मुलुकका कति जिल्ला साक्षर घोषित भएका छन् ?**
✍ ५४ (२०७८ असार २३) ।
(अछाम साक्षर घोषित हुने ५४औँ जिल्ला रहेको ।)

३. **देशभरिका मालपोत कार्यालयमा अनलाइन प्रणाली कहिलेदेखि लागू गरिएको हो ?**
✍ विक्रम संवत् २०७८ असार २३ ।
- ६ वर्षअघि (२०७२ साउन २५) मालपोत कार्यालय कलङ्कीबाट सुरु भएको भू–अभिलेख सूचना व्यवस्थापन प्रणाली असार २३ देखि एक सय २६ वटै मालपोत कार्यालयमा लागू भएको । यसअघि एक सय १८ कार्यालयमा सुरु भइसकेकोमा सो दिन बाँकी आठ कार्यालयमा पनि अनलाइन प्रणाली कार्यान्वयन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको ।
- कागजी प्रक्रियामा चल्दै आएको मालपोत कार्यालय अनलाइन प्रणालीमा गएसँगै मालपोत प्रशाासन डिजिटल युगमा प्रदेश गरेको ।
- यो प्रणली सुरु भएपश्चात् नै सर्वसाधारणले आफ्नो घर–जग्गाको विवरण (क्षेत्रफल, सँधियार रोक्का, राजस्वलगायत) मोबाइल एपमै हेर्न सक्ने ।
- देशभरका मालपोत कार्यालयमा लागू गरिएका अनलाइन सेवा प्रणालीबाट अब यस कार्यालयको सेवा छिटो, छरितो, पारदर्शी र विश्वसनीय हुने ।

४. **२०७८ सालमा प्रदान गरिने उत्कृष्ट साझेदारी वन पुरस्कारबाट पुरस्कृत हुने साझेदारी वन समूह कुन हो ?**
✍ सवैया साझेदारी वन व्यवस्थापन समूह (पर्सा), पुरस्कार राशि : रु. ५४ हजार ।

५. **नेपाल सरकारले कुन दिनलाई राष्ट्रिय महिला अधिकार दिवसका रूपमा मनाउने निर्णय गरेको छ ?**
✍ जेठ १६ ।

६. **नेपालको कुन हिमाललाई 'म्याटरहर्न अफ हिमालयज' उपनामले चिनिन्छ ?**
✍ माछापुच्छ्रे ।

७. **'रातो र चन्द्र सूर्य....' नामक गीतका सर्जक को हुन् ?**
✍ गोपालप्रसाद रिमाल ।

८. **दक्षिण एसियाली ओलम्पिक काउन्सिलको सचिवालय कहाँ राख्ने निर्णय भएको छ ?**
✍ नेपाल ।

९. **पोषणसम्बन्धी पाँचौँ विश्व सम्मेलन कहाँ सम्पन्न भएको हो ?**
✍ काठमाडौँ (सन् २०१९ नोभेम्बर) ।

१०. **व्यापार व्यवसायसँग सम्बन्धित 'एमएफएन' को पूरा रूप के हो ?**
✍ मोस्ट फेवर्ड नेसन ।

११. **सन् २०२१ जुन, जुलाईमा ब्राजिलमा सम्पन्न कोपा अमेरिका फुटबलको उपाधि कसले जित्यो ?**
✍ अर्जेन्टिना (उपविजेता : ब्राजिल) ।
(सो प्रतियोगितामा कोलम्बिया तृतीय भएको ।)
(दक्षिण अमेरिकी राष्ट्रबीको प्रतिष्ठित प्रतियोगिता कोपा अमेरिकाको फाइनलमा आयोजक तथा साबिक विजेता ब्राजिललाई १–० ले पराजित गर्दै अर्जेन्टिनाले सो महत्त्वपूर्ण उपाधि जितेको ।)

१२. **गण्डकी प्रदेश सरकारले प्रदेशको वर्तमान आर्थिक स्थितिका सम्बन्धमा श्वेतपत्र कहिले जारी गऱ्यो ?**
✍ विसं २०७८ असार २७ ।
(अर्थमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले श्वेतपत्र जारी गर्नुभएको ।)

१३. **पारवहनका लागि नेपाली रेलले वीरगन्ज र विराटनगरदेखि कोलकाता/हर्दियासम्म रेल सेवा दिन सक्नेसम्बन्धी सम्झौतामा कहिले सहमति भएको हो ?**
✍ विसं २०७८ असार २५ ।
(नेपाल र भारतबीच संशोधित रेलसेवा सम्झौताअनुसार नेपालबाट तेस्रो मुलुकसँगको व्यापारका लागि भारतीय निजी क्षेत्रको रेलसेवासमेत उपयोग गर्न सकिने भएको । यसअघि निश्चित कम्पनीबाट सञ्चालित रेलसेवामात्र ढुवानीका लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक अवस्था रहेकोमा अब भने धेरै विकल्प खुला भएको ।)

१४. **सर्वोच्च अदालतले वर्तमान संविधानअनुसार दोस्रो पटक प्रतिनिधिसभा विघटन बदर गर्ने फैसला कहिले गऱ्यो ?**
✍ विसं २०७८ असार २८ ।
- प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, किशोरप्रसाद खतिवडा एवम् डा. आनन्द मोहन भट्टराईको संवैधानिक इजलासले प्रधानमन्त्री नियुक्तिको प्रक्रिया समाप्त नभएको, धारा ७६ (५) को पूर्वावस्था कायम रहेको, विश्वासको मत प्राप्त गर्ने अवस्था कायम रहेको भन्दै विघटन बदर गरेको । इजलासले उक्त विघटन यसअघि २०७७ फागुन ११ गते भएको मुद्दाको फैसला प्रतिकूल रहेको पनि उल्लेख गरेको ।
- विघटन बदरसँगै अदालतले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई दुई दिनभित्र प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको ।
- मन्त्रिपरिषद्को सिफारिसमा २०७८ जेठ ८ गते प्रतिनिधिसभा विघटन भएको थियो । राष्ट्रपति कार्यालयमा देउवाका पक्षबाट १४९ सदस्यको हस्ताक्षर परेको देखिँदा त्यसलाई विश्वासको मत लिन सक्ने आधारका रूपमा लिनुपर्ने फैसलामा उल्लेख रहेको । बहुमत सदस्यको हस्ताक्षर नै विश्वासको मत प्राप्त गर्न सक्ने आधार भएको उल्लेख फैसलामा रहेको । संशय भएमा त्यस्तो हस्ताक्षरको परीक्षण स्वाभाविक हुने पनि फैसलामा भनिएको ।
- प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा दोस्रोपटक गरिएको प्रतिनिधिसभा विघटनलाई अमान्य गर्दै सर्वोच्चले प्रतिनिधिसभा पुनःस्थापना र सात दिनभित्र बैठक बोलाउने व्यवस्था मिलाउन पनि परमादेश दिएको ।
- पहिलो विघटन (२०७७ पुस ५ गते) पछि पुनःस्थापित प्रतिनिधिसभाले वैकल्पिक बहुमतको सरकार दिन नसकेकाले संविधानको धारा ७६ को उपधारा ३ अनुसार ठूलो दलका नेताको हैसियतमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका नेता केपी शर्मा ओली पुनः प्रधानमन्त्री नियुक्त हुनुभएको थियो ।

१५. **सन् २०२१ जुन, जुलाईमा सम्पन्न युरोकप फुटबल प्रतियोगिताको उपाधि कसले जित्यो ?**
✍ इटाली ।
- इटालीले फाइनल खेलमा इङ्ग्ल्यान्डलाई पेनाल्टी सुटआउटमा ३–२ ले पराजित गरेको ।
- इटालीका गोलरक्षक गियान लुगी डोनारोमा प्रतियोगिताकै सर्वश्रेष्ठ खेलाडी घोषित भएका ।
- पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले गोल्डेन बुट जितेका ।

१६. **दक्षिण एसियाली ओलम्पिक काउन्सिलको सन् २०२१ जुलाई १२ को बैठकले १४औँ साग खेलकुद प्रतियोगिता कहिले गर्ने निर्णय गरेको छ ?**
✍ सन् २०२३ मार्च ।
(१४औँ साग पाकिस्तानका पाँच सहर लाहोर, फैसलावाद, गुजरनवाला, इस्लामावाद र सिलाकोटमा हुने निर्णय भएको ।)

१७. **सरकारले प्रत्येक वर्ष प्रदान गर्दै आएको राष्ट्रिय प्रतिभा पुरस्कार (२०७८ मा) कसलाई प्रदान गऱ्यो ?**
✍ ख्यातिप्राप्त हास्यव्यङ्ग्य अभिनेता मदनकृष्ण श्रेष्ठ ।
(२०५१ सालदेखि राष्ट्रिय प्रतिभा पुरस्कार स्थापना गरी चार विधागत क्षेत्रका प्रतिभालाई सम्मान र कदर गर्दै आएकोमा २०७५ सालदेखि जनही एक लाख रुपियाँको राष्ट्रिय प्रतिभा पुरस्कार र सातै प्रदेशबाट चार विधागत क्षेत्रका प्रतिभालाई जनही ५० हजार रुपियाँसहित प्रादेशिक पुरस्कार र सम्मानपत्र प्रदान गरिँदै आएको ।)

१८. **२०६८ सालको जनगणनाअनुसार नेपालको साक्षरता प्रतिशत कति रहेको छ ?**
✍ ६५.९ प्रतिशत ।
(पुरुष साक्षरता दर : ७५.१ प्रतिशत एवम् महिला साक्षरता दर : ५७.४ प्रतिशत रहेको ।)

१९. **प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकसम्बन्धी व्यवस्था वर्तमान संविधानको कुन धारामा रहेको छ ?**
✍ धारा ३१ (२) ।

२०. **जनजाति समुदायमा सबैभन्दा धेरै प्रतिशत साक्षरता भएको जाति कुन हो ?**
✍ थकाली ।

२१. **विश्व नवप्रवर्तन सूचकाङ्क २०२० अनुसार पहिलो स्थानमा रहन सफल राष्ट्र कुन हो ?**
✍ स्वीट्जरल्यान्ड ।
- विश्व नवप्रवर्तन सूचकाङ्क २०२० मा वर्ल्ड इन्टलेक्चुअल प्रोपर्टी अर्गनाइजेसनद्वारा प्रकाशित सो सूचीमा नेपाल ९५औँ स्थानमा रहेको ।
- सूचीमा भारत ४८औँ, श्रीलङ्का १०१औँ, पाकिस्तान १०७औँ तथा बङ्गलादेश १०६औँ स्थानमा रहेका ।
- नवप्रवर्तनका साथै वैज्ञानिक लेख एवम् अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित सामग्रीका आधारमा सो सूची तयार पारिएको ।

२२. **वर्ल्ड जस्टिस प्रोजेक्टद्वारा प्रकाशित रुल अफ ल इन्डेक्स २०२० अनुसार कानुनी शासन राम्रो भएका राष्ट्रमा पहिलो स्थानमा पर्न सफल राष्ट्र कुन हो ?**
✍ डेनमार्क ।
- सो सूचीमा नेपाल ६१औँ (१२८ देशमध्ये) स्थानमा रहेको ।
- सार्क राष्ट्रमध्ये श्रीलङ्का ६६औँ, भारत ६९औँ, बङ्गलादेश ११५औँ, पाकिस्तान १२०औँ तथा अफगानिस्तान १२२औँ स्थानमा रहेका ।
- सूचीको सबैभन्दा अन्तिम स्थानमा भेनेजुएला रहेको ।

२३. **६२औँ ग्रामी अवार्ड २०२० मा सर्वश्रेष्ठ गायनको उपाधि कसले जित्नुभयो ?**
✍ लिज्जो ।
- लिज्जो अर्थात् वास्तविक नाम मेलिसाभिभियेना जेफर्सनले 'कुच आइ लभ यू/ ट्रुथ हर्टस्' नामक गीत गायनका लागि सो उपाधि जित्नुभएको ।
- यो अवार्ड गीत, सङ्गीत तथा गायनका क्षेत्रमा उत्कृष्टता हासिल गर्ने कलाकारलाई प्रदान गर्ने गरिएको ।

२४. **२५औँ पटक सगरमाथा आरोहण गरी सर्वाधिक सगरमाथाको आरोहणको कीर्तिमान कायम गर्ने पर्वतारोही को हुनुहुन्छ ?**
✍ कामिरिता शेर्पा ।
(विसं २०७८ वैशाख २४ मा उनले सो आरोहण गरेका ।)

२५. **राष्ट्र बैङ्कमा पहिलो महिला डेपुटी गभर्नरका रूपमा नियुक्त हुने महिला को हुनुहुन्छ ?**
✍ नीलम तिम्सिना ढुङ्गाना ।
- विसं २०७७ फागुन २५ को मन्त्रिपरिषद् बैठकले राष्ट्र बैङ्कमा नीलम तिम्सिना ढुङ्गाना र बमबहादुर मिश्रलाई डेपुटी गभर्नरका रूपमा नियुक्त गर्ने निर्णय गरेको ।
- राष्ट्र बैङ्कमा दुईजना डेपुटी गभर्नर हुने व्यवस्था रहेको ।

२६. **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक, रेललगायत यातायात विकासका लागि कति वर्षे रणनीतिक योजना बनाएको छ ?**
✍ पाँचवर्षे ।

२७. **जिका भाइरस कुन प्रजातिको लामखुट्टेको टोकाइबाट सर्छ ?**
✍ एडिस एजिप्टाई ।

२८. **दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)ले कुन अन्तर्राष्ट्रिय संस्थासँग स्मृतिपत्रमा हस्ताक्षर गरी पहिलो सम्झौता गरेको थियो ?**
✍ 'युनाइटेड नेसन कन्फ्रेन्स अन ट्रेड एन्ड डेभलपमेन्ट' ।

२९. **नेपालमा पहिलोपटक निर्यात दिवस कहिले मनाइयो ?**
✍ विसं २०७३ पुस २२ ।
(निजी क्षेत्रको पहलमा नेपाल निर्यात परिषद्द्वारा नेपाल निर्यात परिषद् स्थापना भएको मितिलाई आधार मान्दै सो दिवस मनाइएको ।)

३०. **नेपाली सेनाको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पताल सर्वसाधारणका लागि कहिलेदेखि खुला गरिएको हो ?**
✍ विसं २०७३ फागुन १५ ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वित्त र मौद्रिक नीति




१. **वित्त नीति र मौद्रिक नीतिबीचको फरकबारे चर्चा गर्दै नेपालको वित्त नीतिमा गर्नुपर्ने सुधार के–के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ वित्त नीति र मौद्रिक नीतिबीचको फरकलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**वित्त नीति :**
- कर, सरकारी खर्च तथा ऋणको माध्यमबाट मुलुकको अर्थतन्त्रलाई अनुकूल प्रभाव पार्ने नीति वित्त नीति हो ।
- यो सरकारी निकाय अर्थ मन्त्रालयले तर्जुमा गर्छ ।
- वित्त नीति आर्थिक वर्ष आरम्भ हुनुभन्दा अगाडि जारी हुन्छ ।
- वित्त नीतिको कार्यक्षेत्र र प्रभाव वृहत् हुन्छ । यसले आर्थिक क्रियाकलापका सबै अङ्ग प्रत्यङ्गलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्छ ।
- वित्त नीति राजनीतिक र सामाजिक जगमा उभिएको हुन्छ । यसको विधि, प्रक्रिया तथा प्रभावलाई सर्वसाधारण जनता सबैले चासो राख्छन् ।
- आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्यायमध्ये वित्त नीतिले आर्थिक वृद्धिलाई महत्त्व दिएको हुन्छ ।
- यसको निकट सम्बन्ध सरकारले तर्जुमा गर्ने बजेटसँग हुन्छ ।

**मौद्रिक नीति**
- मूल्य स्थिरता एवम् व्याजदर सन्तुलन कायम गर्न तर्जुमा गरिएको नीति मौद्रिक नीति हो ।
- यो ऐनद्वारा गठित स्वायत्त रूपमा रहेको केन्द्रीय बैङ्कले तर्जुमा गर्छ ।
- मौद्रिक नीति वित्त नीति जारी भएपश्चात् जारी हुन्छ ।
- मौद्रिक नीतिको कार्यक्षेत्र र प्रभाव वित्त नीतिको तुलनामा सानो हुन्छ । यसले मुद्रा र बैङ्किङ क्षेत्रमा बढी मात्रामा प्रभाव पार्छ ।
- मौद्रिक नीति व्यावसायिक एवम् प्राज्ञिक जगमा उभिएको हुन्छ । यसको विधि, प्रक्रिया तथा प्रभावलाई सर्वसाधारण जनता सबैले त्यति धेरै चासो राख्दैनन् ।
- आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्यायमध्ये मौद्रिक नीतिले आर्थिक स्थायित्वलाई उच्च प्राथमिकतामा राखेको हुन्छ ।
- यसको निकट सम्बन्ध मुद्रा र सोको प्रसारण र सङ्कुचनसँग हुन्छ ।

**नेपालको वित्त नीतिमा गर्नुपर्ने सुधार**
- वित्त नीतिले कर, सरकारी खर्च तथा ऋणलाई समेट्छ र यिनको माध्यमबाट मुलुकको अर्थतन्त्रलाई अनुकूल प्रभाव पार्ने गर्छ, त्यसैले कर, सरकारी खर्च तथा ऋणलाई प्रभावकारी बनाएर वित्त नीतिमा सुधार गर्न सकिन्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- आर्थिक सामाजिक विकास, प्रादेशिक समानता, मानव विकास, निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी खर्चलाई बढी केन्द्रित गर्ने,
- निजी क्षेत्रले सफलता प्राप्त गरेका क्षेत्रमा सरकारले लगानी नगर्ने र भएको लगानी पनि क्रमशः फिर्ता लिने,
- सरकारी खर्चलाई प्रतिफलसँग आबद्ध गर्ने, प्रतिफल कमजोर भएका विकास आयोजना हटाउने वा गाभ्ने,
- स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास गर्ने,
- स्वेच्छिक कर सहभागिताबाट कुल गार्हस्थ उत्पादनसँग कर राजस्वको अनुपात बढाउँदै जाने,
- निकासीयोग्य वस्तुको पहिचान, प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्ने,
- आयातमा आधारित राजस्व असुलीमा कमी हुन नदिन आन्तरिक स्रोत परिचालनलाई सुदृढ बनाउने, प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने, जोखिमका आधारमा कर परीक्षण, अनुसन्धान र बजार अनुगमनमा जोड दिने, अन्तरनिकाय सूचना आदान–प्रदान गरी सबै प्रकारका राजस्व चुहावट नियन्त्रण गर्ने,
- तालिम एवम् प्रोत्साहन सुविधामार्फत राजस्व कर्मचारीको क्षमता विकास गरी सक्षम बनाउने,
- करको दर घटाउने, करको दायरा बढाउने, कर प्रशासनलाई सुदृढ गर्ने,
- सङ्घीय संरचनाअनुसार राजस्व संरचना निर्माण गर्ने,
- कर नीति, कर कानुन र कर प्रशासनलाई सकेसम्म स्थिर, पारदर्शी र अनुमानयोग्य बनाउने,
- गैरकर राजस्वलाई लागतमा आधारित बनाई साधन परिचालनको महत्त्वपूर्ण स्रोतका रूपमा विकास गर्ने,
- वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्ने,
- वैदेशिक सहायतालाई आर्थिक तथा सामाजिक पूर्वाधारको विकास, रोजगारी सिर्जना र उत्पादनशील क्षेत्रमा उपयोग गर्ने,
- आन्तरिक क्षमता वृद्धि गर्दै वैदेशिक सहायतामाथिको परनिर्भरता घटाउँदै लैजाने,
- विदेशी अनुदान र ऋण विदेशी सहायता नीतिभित्र रहेर लिने र उपयोग गर्ने,
- वैदेशिक सहयताभन्दा वैदेशिक लगानीमा जोड दिने,
- आन्तरिक ऋण परिचालन घटाउँदै जाने,
- बजेट घाटालाई कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतमा सीमित गर्ने ।
- उपरोक्त सुझाव प्रभावकारी कार्यान्वयत गरेर आर्थिक वृद्धि, स्थायित्व र सामाजिक न्याय कायम गरी वित्त नीतिको उद्देश्य पूरा गर्न सकिन्छ ।

२. **स्थानीय तहको व्यवस्थापिकाको गठन र कार्यबारे उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा २२१ ले स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहने व्यवस्था गरेको छ । त्यसकारण गाउँसभा र नगरसभालाई स्थानीय व्यवस्थापिका भन्न सकिन्छ । त्यसैगरी, संविधानको धारा २२२ र धारा २२३ मा गाउँसभा र नगरसभाको गठनसम्बन्धी व्यवस्था छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**गाउँसभा र नगरसभाको गठन :**
क. गाउँ/नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख – अध्यक्ष
ख. गाउँ/कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख – उपाध्यक्ष
ग. प्रत्येक वडाका अध्यक्ष – सदस्य
घ. प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य – सदस्य
ङ. गाउँ/नगरसभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित दुईजना सदस्य – सदस्य

**स्थानीय व्यवस्थापिकाले गर्ने कार्य**
स्थानीय तहलाई तोकिएका कार्यको विषयमा कानुन बनाउने स्थानीय व्यवस्थापिकाको प्रमुख कार्य हो । यसका कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- स्थानीय करका दर तोक्ने,
- स्थानीय कानुन निर्माण गर्ने,
- स्थानीय बजेट पारित गर्ने,
- स्थानीय नीति तथा कार्यक्रमको समीक्षा गर्ने,
- स्थानीय आय र व्ययमाथि छलफल गर्ने, स्वीकृत गर्ने,
- स्थानीय कार्यपालिका र सोअन्तर्गतका निकायलाई नियन्त्रण गर्ने, निर्देशन दिने ।

३. **सामाजिक सुरक्षा कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार के–के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन–२०७४ ले सामाजिक सुरक्षा कोषको तर्फबाट सम्पादन गर्नुपर्ने काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि श्रम तथा रोजगार मन्त्रालयको सचिवको अध्यक्षतामा सामाजिक सुरक्षा कोष सञ्चालक समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- सामाजिक सुरक्षा योजनासम्बन्धी नीति तर्जुमा गर्ने,
- सामाजिक सुरक्षासम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
- सामाजिक सुरक्षा योजना, बजेट र कार्यक्रम स्वीकृत गरी कोषको सञ्चालन र व्यवस्थापन गर्ने,
- लगानीसम्बन्धी नीति तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेस गर्ने,
- विभिन्न सामाजिक सुरक्षा योजनाको समुचित रूपमा सञ्चालन र व्यवस्थापन गर्न आवश्यक रकमको व्यवस्था गर्ने,
- कार्यकारी निर्देशकबाट सम्पादन हुने काम–कारबाहीको समन्वय तथा अनुगमन गर्ने,
- सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिक, स्वरोजगारमा रहेको व्यक्ति, सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिलगायतका सबै व्यक्तिको व्यक्तिगत विवरणको अभिलेख अद्यावधिक गरिराख्ने,
- सामाजिक सुरक्षा कोषको नियमित रूपमा लेखा परीक्षण तथा कोषको समग्र आर्थिक तथा वित्तीय अवस्थाको मूल्याङ्कन गर्ने वा गराउने,
- सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेसम्बन्धमा आवश्यक कार्य गर्ने,
- बेरोजगारी सुविधा पाउने श्रमशक्तिलाई शीघ्र रोजगारी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने,
- घरेलु श्रम बजारमा रोजगारीका थप क्षेत्र पहिचान गरी श्रमशक्तिलाई व्यापक रूपमा रोजगारीमा संलग्न गराउने कार्यक्रम सञ्चालन गर्ने,
- योगदानकर्तालाई परिचयपत्र वितरण गर्न लगाउने,
- नेपाल सरकारले समय–समयमा दिएको निर्देशनको पालना गर्ने,
- तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

४. **मूल्य अभिवृद्धि करमा कर अधिकृतले के–कस्तो अवस्थामा कर निर्धारण गर्न सक्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ मूल्य अभिवृद्धि कर स्वयम् कर निर्धारण प्रणालीमा आधारित कर हो, जसअनुसार करदाताले आफ्नो खरिद बिक्रीको बिल विजक व्यवस्थित अभिलेख गरी सोही आधारमा आफूले तिर्नुपर्ने कर आफैँले निर्धारण गरेर लागेको कर र तोकिएबमोजिमको कर विवरण तोकिएको समयमा आन्तरिक राजस्व कार्यालयमा पेस गर्नुपर्ने हुन्छ । तर, देहायको कुनै अवस्थामा कर अधिकृतले मूल्य अभिवृद्धि कर निर्धारण गर्न सक्ने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन–२०५२ को दफा २० मा गरिएको छ :
- म्यादभित्र कर विवरण पुेस नगरेमा,
- अधुरो वा त्रुटिपूर्ण कर विवरण पेस गरेमा,
- झुठा कर विवरण पेस गरेमा,
- करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,
- आपूर्ति मूल्यमा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,
- न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,
- दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा,
- विजक जारी नगरी बिक्री गरेमा,
- दर्ता नभएको व्यक्तिले कर उठाएमा,
- उपरोक्त बमोजिम कर निर्धारण गर्दा कर विवरण पेस गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था छ, सो अवधिभित्र कर निर्धारण हुन नसकेमा करदाताबाट पेस भएको विवरण नै स्वतः मान्य हुने व्यवस्था छ ।

५. **नेपालको सङ्घीय संसद्का कार्य के–के हुन् ? लेख्नुहोस् ।**
✍ नेपालको संविधानले सङ्घीय संसद्का रूपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ । नेपालको सङ्घीय संसद्को तल्लो सदनलाई प्रतिनिधिसभा र माथिल्लो सदनलाई राष्ट्रियसभा नाम दिइएको छ । संसद्का कार्य निम्नानुसार छन् :
- सङ्घको अधिकार क्षेत्रका विषयमा कानुन निर्माण गर्ने,
- सरकार गठन गर्ने,
- सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्ने, पारित गर्ने,
- बजेटमाथि छलफल गर्ने, पारित गर्ने, बजेट नियन्त्रण गर्ने,
- संविधान संशोधन गर्ने,
- जनमतसङ्ग्रहसम्बन्धी निर्णय गर्ने,
- सरकारका नियमित कामकारबाहीको निगरानी राख्ने,
- सरकारलाई आवश्यक सुझाव दिने, निर्देशन दिने,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गर्ने ।

६. **नेपाली सेनामा रिक्त पदमा पदपूर्तिका लागि उम्मेदवारको छनोट गर्न के–कस्तो परीक्षाको व्यवस्था छ ?**
✍ नेपाली सेनामा रिक्त पदमा पदपूर्तिका लागि उम्मेदवारको छनोट गर्न देहायबमोजिमको परीक्षा लिनुपर्ने व्यवस्था सैनिक सेवा नियमावली, २०६९ ले गरेको छ :
(१) सहायक सेनानी पदपूर्तिका लागि लिनुपर्ने परीक्षा :
(क) वियरिङ परीक्षा,
(ख) प्रारम्भिक स्वास्थ्य परीक्षण,
(ग) शारीरिक परीक्षा,
(घ) बौद्धिक परीक्षा (आईक्यू),
(ङ) लिखित परीक्षा (अङ्ग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान)
(च) गुणमापक परीक्षा (टेक्निकल अफिसर, ग्रुप टेस्टिङ अफिसर, इन्टरभ्युइङ अफिसर र बोर्ड कन्फरेन्स),
(छ) स्वास्थ्य परीक्षण,
(ज) बोर्ड अन्तर्वार्ता,
(२) सिपाही पदपूर्तिका लागि लिनुपर्ने परीक्षा :
(क) शारीरिक परीक्षा,
(ख) लिखित परीक्षा (सामान्य ज्ञान र नेपाली, अङ्ग्रेजी, गणितको सामान्य जानकारी),
(ग) स्वास्थ्य परीक्षण,
(घ) अन्तर्वार्ता,
(३) फलोअर्स पदपूर्तिका लागि लिनुपर्ने परीक्षा :
(क) शारीरिक परीक्षा,
(ख) प्रयोगात्मक परीक्षा,
(ग) स्वास्थ्य परीक्षण,
(घ) अन्तर्वार्ता,

७. **सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागिता बढाउने उपाय के–के हुन् ? लेख्नुहोस् ।**
✍ सार्वजनिक निकायबाट प्रदान गरिने सेवा सुविधालाई पारदर्शी, मितव्ययी, नागरिकमैत्री सहज एवम् सर्वसुलभ बनाउन सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागिता बढाउनुपर्छ । यसका लागि निम्नउपायको अवलम्बन गर्नुपर्छ :
- कार्यालयमा नागरिक बडापत्र राखेर सबै प्रकारका सेवाको विवरण, लाग्ने लागत, विधि प्रक्रिया, समय, जिम्मेवार पदाधिकारी सबै प्रस्ट गर्ने,
- नागरिक बडापत्रको कार्यान्वयनलगायत कार्यालयसँग सम्बन्धित सबै गुनासो सम्बोधन गर्न संयन्त्र खडा गर्ने,
- कार्यालयमा स्वतःस्फूर्त रूपमा सेवा प्रवाह र सूचना प्रवाह हुने संरचना र प्रणालीको निर्माण गर्ने, सूचना अधिकारी एवम् प्रवक्तको व्यवस्था गर्ने,
- सेवाग्राहीको राय, सुझाव, गुनासो प्राप्त गर्न सुझाव पेटिकाको व्यवस्था गर्ने,
- सेवाग्राही सहयोग कक्ष, सेवाग्राही प्रतीक्षालय, स्तनपान कक्ष, वृद्ध एवम् बालबालिकाका लागि पर्याप्त स्थान, पिउने पानी, सेवाग्राही शौचालयलगायतको व्यवस्था गर्ने,
- कार्यालयको वेबसाइट निर्माण गरेर कार्यालयले प्रदान गर्ने सेवा सुविधा, सम्पर्क कर्मचारीलगायत कार्यालयबाट भए–गरेका सबै कार्यको प्रगति विवरण अद्यावधिक रूपमा राखेर सार्वजनिक गर्ने,
- आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गर्ने, कार्यालयको फेसबुक पेज, मेसेन्जर, भाइबर आदि जस्ता सामाजिक सञ्जालको प्रयोग बढाएर आन्तरिक तथा बाह्य सम्पर्क, समन्वय, सहकार्य बढाउने, त्यसैगरी सार्वजनिक सुनुवाइ गर्ने, आय र व्यय विवरण तथा सोको लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने, सेवाग्राहीबाट प्राप्त पृष्ठपोषण लागू गर्नेलगायतका कार्यबाट सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागिता बढाउन सकिन्छ ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL